म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- १३५ २०८० चैत २३ गते शुक्रबार 5 April 2024, Friday - पृष्ठ ४ मूल्य रु. ५/-

**डिबिजन वन कार्यालय, मकवानपुरको अनुरोध।**

वन, वन्यजन्तु, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण गर्दै, थप जनधनको क्षति हुनबाट बचाउनु हामी सबैको कर्तब्य हो । तसर्थ वन डढैंलो नियन्त्रण कार्यमा सहयोग गर्न हुन सम्पूर्ण स्थानीय तह, सरकारी तथा गैह्र सरकारी निकाय, वन समूह, संघ–संस्था, पत्रकार लगायत सम्पूर्णमा डिबिजन वन कार्यालय, मकवानपुर हार्दिक अपिल गर्दछ ।

**डिबिजन वन कार्यालय, मकवानपुर**

### नयाँ शैक्षिक सत्रको तयारी

# प्रारम्भिक बालविकास कक्षाका शिक्षकलाई तालिम



*तालिममा सहभागी शिक्षकहरु ।*

समाज संवाददाता

हेटौंडाः चालु शैक्षिक सत्रको परीक्षा सकिएर नयाँ शैक्षिक सत्रको तयारीस्वरुप हेटौंडा उपमहानगरपालिकाको ४ नम्बर वडाका विद्यालयका प्रारम्भिक बालविकास कक्षाका शिक्षकहरुका लागि तीनदिने तालिम सुरु भएको छ । वडा कार्यालयको आयोजना तथा वडा शैक्षिक गुणस्तर सुधार समितिको व्यवस्थापनमा शैक्षिक सामग्री निर्माण तथा खेलको माध्यमद्वारा सिकाईसम्बन्धी तालिम बिहिबारबाट सुरु भएको छ ।

वडा शैक्षिक गुणस्तर सुधार समितिका संयोजक श्रीराम दाहालको अध्यक्षता तथा वडा अध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यमा श्रमिक माविमा तालिम सुरु भएको हो । तालिममा वडामा रहेका सामुदायिक र निजी दुवै गरी ८ वटा विद्यालयका शिक्षकको सहभागिता रहेको छ । सामुदायिक र निजी दुबै विद्यालयका शिक्षकबीच आपसी सहकार्य र समन्वयको समेत विकास गर्ने उद्देश्यले एकसाथ तालिमको आयोजना गरिएको वडाअध्यक्ष नवीन सिग्देलले जानकारी दिनुभएको छ। ४ नम्बर वडामा कृषि, उद्यम जस्ता क्षेत्रमा नभई शैक्षिक क्षेत्रको सुधार गरी शैक्षिक केन्द्रको रुपमा विकास गर्नु उपयुक्त हुने भएकोले शिक्षामा उल्लेख्य लगानी गरिएको वडा अध्यक्ष सिग्देलको भनाइ थियो ।

उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै हेटौंडा उपमहानगरपालिकाको शिक्षा महाशाखाका अधिकृत रमेश विडारीले ४ नम्बर वडाले शिक्षामा उल्लेखनीय कार्य गरेको बताउनुभयो । नगरको शिक्षा महाशाखाले गर्नु पर्ने कामहरु वडाले गर्दै आएको उहाँको भनाइ थियो। वडा शैक्षिक गुणस्तर सुधार समितिका संयोजक श्रीराम दाहालले शिक्षाको गुणस्तर अभिवृद्धि गर्न पूर्वप्राथमिक तहबाटै मिहिनेत गर्नुपर्ने उल्लेख गर्नुहुँदै गत वर्षदेखि नै प्रारम्भिक बालविकास कक्षाका शिक्षकका लागि तालिमको आयोजना गरिएको बताउनुभयो । तालिममा जमुना थापा र गंगा थापाले सहजीकरण गर्नुहुनेछ। तालिम उद्घाटन कार्यक्रममा वडा सदस्य गायत्री त्रिपाठी, वडा सचिव पुष्पराज पौडेल, बालमैत्री वडा सहजकर्ता अमिसा अधिकारीको पनि आतिथ्य रहेको थियो ।

## राक्सिराङका शिक्षकको करेन्ट लागेर मृत्यु

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको राक्सिराङ गाउँपालिका-९, खैराङस्थित कालिका माविका शिक्षक मनोज कुमार सहनीको करेन्ट लागेर मृत्यु भएको छ ।

बुधबार साँझ मधेश प्रदेशको रौतहट जिल्लाको गरुडा नगरपालिकास्थित घरमै विद्युतको काम गर्ने क्रममा करेन्ट लागेर सहनीको मृत्यु भएको हो । निमावि तहमा राहत कोटामा कार्यरत विज्ञान विषयका शिक्षक सहनी १३ वर्षदेखि कालिका माविमा कार्यरत हुनुहुन्थ्यो ।

## लागुऔषधसहित हेटौंडाका २ जना बारामा पक्राउ

समाज संवाददाता

हेटौंडाः बारा जिल्लाको जीतपुर-सिमरा उपमहानगरपालिका-२१, अमलेखगन्जबाट प्रहरीले लागुऔषध ओनरेक्ससहित हेटौंडाका २ जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा हेटौंडा-१३ बस्ने २४ वर्षीय शुभराज मोक्तान र हेटौंडा-४ का २२ वर्षीय निरज गोले रहेको बारा प्रहरीले जानकारी दिएको छ।

विशेष सूचनाको आधारमा सोमबार दिउँसो ४ बजेर ३० मिनेटको समयमा ईलाका प्रहरी कार्यालय अमलेखगन्ज र प्रहरी चौकी पथलैया बाराबाट खटिएको संयुक्त प्रहरी टोलीले वीरगन्जबाट हेटौंडातर्फ आउँदै गरेको ना ४३ प २०२ नम्बरको मोटरसाइकललाई शंका लागी सुरक्षाजाँच गर्दा लागुऔषध बरामद गरेको थियो । प्रहरीले मोटरसाइकलको पेट्रोल ट्याङ्कीभित्र लुकाई छिपाई राखेको अवस्थामा १ सय एमएल बराबरको ३९ बोत्तल लागुऔषध ओनरेक्स फेला पारेको थियो । लागुऔषध ओनरेक्ससहित दुबै जनालाई नियन्त्रणमा लिई बारा जिल्ला अदालतबाट ५ दिन म्याद थप गरी अनुसन्धान कार्य भइरहेको प्रहरीले जानकारी दिएको छ ।

## २ खर्ब ३३ अर्ब विदेशी मुद्रा सञ्चिति थपियो

काठमाडौंः गएको आठ महिनामा मुलुकको कुल विदेशी मुद्रा सञ्चिति २ खर्ब ३३ अर्ब ४६ करोड रुपैयाँले बढेको छ । गत असार मसान्तको तुलनामा यो २१.७ प्रतिशतले बढेको हो । गत असारमा कुल विदेशी मुद्रा सञ्चिति १५ खर्ब ३९ अर्ब ३६ करोड रुपैयाँ रहेको थियो । गत फागुन मसान्तसम्म आइपुग्दा यो बढेर १८ खर्ब ७२ अर्ब ८२ करोड पुगेको छ ।

अमेरिकी डलरमा यस्तो सञ्चिति गत असार मसान्तमा ११ अर्ब ७१ करोड रहेको थियो । गत फागुन मसान्तसम्ममा २०.८ प्रतिशतले बढेर १४ अर्ब १४ करोड पुगेको राष्ट्र बैंकले जनाएको छ । गत फागुनसम्मको विदेशी मुद्रा सञ्चितिले १४.८ महिनाका लागि वस्तु र १२.४ महिनाका लागि वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने दाबी राष्ट्र बैंकको छ ।

*स्रोतः इकान्तिपुर ।*

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np






नेपाली भाषा शिक्षक समिति हेटौंडा उपमहानगर समितिको अध्यक्षमा सर्वसम्मत निर्वाचित हुनुभएकोमा यस विद्यालयका शिक्षक **पुरुषोत्तम आचार्य**लाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

मोहम्मद समीम, अध्यक्ष
विद्यालय व्यवस्थापन समिति

रामसागर गुरागाई
प्रधानाध्यापक

**एवम् आधुनिक राष्ट्रिय मावि परिवार**
हेटौंडा-४, मकवानपुर

# एकै दिन ४ जना मृत फेला

समाज संवाददाता

हेटौंडाः धादिङ, चितवन र काभ्रेपलाञ्चोकमा एकैदिन ४ जना मृत फेला परेका छन् । बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले दिएको जानकारीअनुसार धादिङ जिल्लाको नेत्रावति गाउँपालिका-४ मा ५२ वर्षीय पाण्ड सापकोटा मृत फेला परेका छन्। प्रहरीकाअनुसार स्थानीय खोलामा हाम फालेका सापकोटा मृत फेला परेका हुन् । बुधबार बिहान ९ बजेको समयमा बाँदरे खोलाको दह (पोखरी) मा हाम फालेका सापकोटाको मृत्यु भएको भएको प्रहरीले जानकारी दिएको छ ।

चितवन जिल्लाको खैरहनी नगर पालिका-११, हरियाली पार्कमा एक जना पुरुषको मृत फेला परेका छन्। मृत फेला पर्ने ५० वर्षीय नरेन्द्र दराई रहेको प्रहरीले जानकारी दिएको छ। बुधबार दिउँसो ३ बजेको समयमा दराई आफ्नै घरमा लडिरहेको अवस्थामा फेला पारेका थिए। दराईलाई उपचारका लागि भरतपुर अस्पताल लगिएकोमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिका-६, बुडोलडाँडामा घरको छतमा लडेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा ३८ वर्षीय सन्तोष खत्री रहेको प्रहरीले जानकारी दिएको छ । बुधबार बिहान ५ बजेको समयमा घरको छतमा लडी रहेको अवस्थामा फेला पारी उपचारका लागि बनेपास्थित शिर मेमोरियल अस्पताल लैजाँदै गर्दा बाटोमा नै खत्रीको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

काभ्रेपलाञ्चोक जिल्लाको खानीखोला गाउँपालिका-७, त्रिवेणीघाट सामुदायिक जङ्गलमा एक जना महिला मृत अवस्थामा फेला परेकी छन्। बुधबार साँझ ५ बजेको समयमा सडेर गलिसकेको अवस्थामा महिलाको शव फेला परेको प्रहरीले जानकारी दिएको छ । मृत भेटिएकी महिलाको सनाखत हुन सकेको छैन ।

## बेपत्ता रोकायको शव फेला

हेटौंडाः चितवन जिल्लाको ईच्छाकामना गाउँपालिका-६, टोपेखोलामा एक जनाको शव फेला परेको छ । मृत फेला पर्नेमा शनिबार त्रिशुली नदीमा ट्याक्सी खस्दा ५ जनाको ज्यान जाने गरी भएको दुर्घटनामा बेपत्ता भएका गोरखा जिल्ला गोरखा नगरपालिका-७ बस्ने १८ वर्षीय दिवश रोकायको शव फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

शनिबार चितवन जिल्लाको ईच्छाकामना गाउँपालिका-५, पृथ्वी राजमार्गको सिमलधारा नजिक काठमाडौंबाट गोरखा जाँदै गरेको बा २ ज ४१९६ नम्बरको ट्याक्सी त्रिशुली नदीमा खसेको थियो । घटना भएकै दिन प्रहरीले ५ जनाको शव निकालेको थियो भने दिवश बेपत्ता भएका थिए । बेपत्ता भएका दिवशको शव बुधबार बिहान ८ बजेर १५ मिनेटको समयमा त्रिशुली नदीमा फेला परेको प्रहरीले जानकारी दिएको छ । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल गोरखा लगिएको छ ।



**बुधबारे बालसाहित्य विशेषबारे** यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं।

**सम्पादक ।**

## शिक्षक आवश्यकता

*सूचना प्रकाशित मितिः २०८०/१२/२३ गते*

यस विद्यालयका लागि निम्न तह र विषयका शिक्षकहरु करारमा नियुक्त गर्नुपर्ने भएकोले तपसीलअनुसारको योग्यता पुगेका इच्छुक योग्य नेपाली नागरिकबाट रितपूर्वक दरखास्त आव्हान गरिन्छ ।

**तपसील**

| क्र.सं. | तह/विषय | आवश्यक संख्या | न्यूनतम योग्यता |
|---|---|---|---|
| १) | प्राथमिक शिक्षक (विज्ञान) | १ (एक) | विज्ञान संकायमा कक्षा १२ उत्तीर्ण । |
| २) | प्राथमिक शिक्षक (अंग्रेजी) | २ (दुई) | मुख्य विषय अंग्रेजी लिई कक्षा १२ उत्तीर्ण । |
| ३) | निमावि शिक्षक (गणित) | १ (एक) | मुख्य विषय गणित लिई कक्षा १२ उत्तीर्ण । |
| | | | माथिल्लो शैक्षिक योग्यता भएकालाई ग्राह्यता । |
| ४) | प्राथमिक ग्रेड शिक्षक १ (एक) | | मुख्य विषय अंग्रेजी लिई कक्षा १२ उत्तीर्ण । मन्टेश्वरी तालिम प्राप्त उम्मेदवारलाई ग्राह्यता । |

दरखास्त दिने अन्तिम मितिः २०८१/०१/७ गते दिनको ४ बजेसम्म ।
लिखित परीक्षाको मितिः २०८१/०१/८ गते बिहान ११ बजेसम्म ।
परीक्षाको किसिमः लिखित, कक्षा अवलोकन र अन्तरवार्ता ।
पाठ्यक्रमः प्रावि र निमावि तहमा वस्तुगत बाहेक शिक्षक सेवा आयोगको पाठ्यक्रमअनुसार १०० पूर्णाङ्कको निमावि तहको विषयगत प्रश्न सोधिनेछ । प्राथमिक ग्रेड शिक्षकको हकमा शिक्षक सेवा आयोगको पाठ्यक्रमअनुसार वस्तुगत बाहेक १०० पूर्णाङ्कको प्राथमिक तहको विषयगत प्रश्न सोधिनेछ ।
उमेरः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
परीक्षा दस्तुरः निमावि तहका लागि रु १,२००/-, प्राविका लागि १,०००/- ।
आवश्यक कागजातः नागरिकताको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, हस्तलिखित निवेदन र पासपोर्ट साइजको फोटो ।

**नोटः**-अध्यापन अनुमतिपत्र अनिवार्य नरहेको जानकारी गराइन्छ ।

**ज्ञानदीप शिक्षा (जी.एस.) निकेतन माध्यमिक विद्यालय**
हेटौंडा-५, भैरवरोड
०५७-५२३४१५/९८५५०६९१८४

सम्पादकीय

# प्रदेशमा खेलकुद प्रवर्द्धन

बागमती प्रदेश सरकारले खेलकुद क्षेत्रको विकास र खेल प्रवर्द्धनमा उल्लेख्य काम गरिरहेको छ । विभिन्न प्रकारका खेलकुदका प्रतियोगितासँगै प्रदेशका विभिन्न जिल्लामा खेल पूर्वाधार निर्माणमा प्रदेश सरकारले सहयोग गर्दै आएको छ । पछिल्ला केही वर्षदेखि प्रदेशस्तरीय खेलकुद प्रतियोगिता गर्दै आएको बागमती प्रदेशले अन्तर प्रदेशस्तरीय खेलकुद प्रतियोगिता गर्न लागेको छ । बागमती प्रदेश खेलकुद विकास परिषद्को आयोजनामा आगामी आइतबार बाट प्रथम अन्तरप्रदेशस्तरीय खेलकुद प्रतियोगिता हुने भएको हो । बुधबार पत्रकार सम्मेलन गरेर परिषद्ले प्रतियोगिताको तयारीबारे जानकारी दिएको छ । परिषद्का सदस्यसचिव सूर्यलाल भण्डारीले चैत २५ गतेदेखि बैशाख १ गतेसम्म हुने प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको जानकारी दिएका हुन् । परिषद्ले करिब १२ करोड रुपैयाँ खर्च गरेर प्रतियोगिता आयोजना गर्न लागेको हो ।

पहिलो पटक आयोजना गर्न लागेको प्रतियोगितामा सातवटै प्रदेशका खेलाडीको सहभागिता रहनेछ । १० औं संस्करणको राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि खेलाडी छनौटको आधारसमेत हुने प्रतियोगितामा १ सय ३६ वटा स्वर्ण पदकका लागि ७ वटा प्रदेशका करिब १ हजार ५ सय ४७ जना खेलाडीहरुबीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगितामा स्वर्ण, रजत र कास्यसहित ४ सय ५८ वटा पदक व्यवस्था गरिएको बताइएको छ । विभिन्न खेलकुद प्रतियोगितामा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको विभागीय टिमले मजबुत प्रदर्शन गर्ने गरेका कारण खेलाडीहरु तिनै टिमप्रति आकर्षित हुने परिपाटीलाई रोक्न प्रतियोगिताले सहयोग पुग्ने विश्वास आयोजकको छ । प्रतियोगिताले सबै प्रदेशका खेलाडीलाई प्रोत्साहन मिल्नुका साथै खेलाडी छनौट र खेलाडी उत्पादनमा थप टेवा पुग्ने दावी गरिएको छ । प्रतियोगिताको उद्घाटन चितवनको गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा र समापन हेटौंडा-६ स्थित गौरीटार रंगशालामा हुनेछ । ७ प्रदेशका खेलाडीहरुबीच ९ वटा विधामा प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताअन्तर्गत् पुरुष फुटबल हेटौंडाको गौरीटार रंगशालामा हुनेछ भने बाँकी ८ वटा खेलहरु भरतपुर महानगरपालिकामा हुनेछ ।

वि.सं २०४० सालमा प्रथम अन्तरनगर खेलकुद प्रतियोगिता आयोजना गरेको हेटौंडामा ४० वर्षपछि प्रथम अन्तरप्रदेश खेलकुदको समापन कार्यक्रम हुन लागेको हो । प्रथम अन्तरनगर खेलकुद आयोजना भएको गौरीटार रंगशालामा प्रथम अन्तरप्रदेश खेलकुदको समापन पनि हुने भएको छ । यसबीचमा गौरीटार रंगशालामा पनि केही परिवर्तन भएको छ । २०४० सालमा रंगशाला भनिएको गौरीटारमा २०६६ सालमा केन्द्रीय खेलकुद प्रतिष्ठान निर्माणको शिलान्यास भएको थियो । तत्कालीन समयमा करिब ५ अर्ब खर्चेर ५ वर्षभित्र प्रतिष्ठान निर्माण पूरा गर्ने भनिए पनि संघीय सरकारले १० वर्षसम्म जम्मा ८ करोड रुपियाँ खर्चेर कम्पाउण्डवाल, छात्रावास, पानीट्याँकीलगायत केही संरचना बनाएको थियो । त्यसपछि बागमती प्रदेश सरकारले रंगशाला निर्माणको कामलाई अघि बढाएर फुटबल मैदान, प्याराफिट, कभर्डहललगायत पूर्वाधार निर्माण गरिरहेको छ ।

देशको सामाजिक तथा आर्थिक विकासका लागि खेलकुदले पनि सहयोग गर्दछ । खेल क्षेत्रको विकासले प्रतिभावान खेलाडी जन्मन्छन् र उनीहरुबाट देशको ख्याति बढ्छ । खेलकुदमा सक्रिय सहभागिताले नागरिकको स्वास्थ्य अवस्थासमेत राम्रो हुन्छ । खेल क्षेत्रको विकासका लागि खेलकुद प्रतियोगिता र अभ्यासका लागि सुविधासम्पन्न पूर्वाधार आवश्यक हुन्छ । खेल क्षेत्रमा लाग्नेहरुले खेलेरै आफ्नो जीविकोपार्जन हुन सकेमा खेल क्षेत्रको विकास सहज हुन्छ । यसका लागि बागमती प्रदेश सरकारले आयोजना गर्दै आएको खेलकुद प्रतियोगिता, प्रशिक्षण कार्यक्रम र खेल पूर्वाधार विकासका कार्यहरुले अवश्य सहयोग गर्नेछ । प्रदेश सरकारले खेल क्षेत्रको विकासलाई अझ बढी प्राथमिकता दिनसकेमा प्रदेशमा खेल क्षेत्रको विकास र प्रवर्द्धनमा थप सहयोग पुग्ने निश्चित छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : बौद्धिक र दार्शनिक क्रियाकलापमा सरिक भइने छ ।
**वृष** : परिवारको इच्छा बुझेर अगाडि बढ्दा राम्रो हुन्छ ।
**मिथुन** : परोपकारी र सामाजिक काममा दौडधूप होला ।
**कर्कट** : भोगविलास र आनन्दप्रति मन आकर्षण बढ्ला ।
**सिंह** : मनोरञ्जन र भेटघाटमा समय व्यतित होला ।
**कन्या** : दुरगामी लगानीमा ध्यान पुऱ्याउँदा राम्रो ।
**तुला** : विशिष्ट व्यक्तिसँग मित्रता बढ्ला ।
**वृश्चिक** : कामधन्दामा व्यस्त रहने समय योग देखिन्छ ।
**धनु** : महत्वकांक्षा नराख्दा नै राम्रो रहने समय छ ।
**मकर** : परिबन्ध र बाध्यताका कारण आर्थिक बोझ होला ।
**कुम्भ** : मातृपक्षको सल्लाहले गरिएको कामबाट लाभ ।
**मीन** : न्यायिक र प्रशासनिक क्षेत्रबाट लाभ प्राप्त होला ।

# शवदेखि साससम्मै कमिसन र भ्रष्टाचार

**समाजको आदर्शलाई भ्रष्टाचार र गुन्डाराजबाट धन आर्जन गरेका व्यक्तिको सफलताले छोपिएको छ । हाम्रो परिवार, आफन्त र समाजको मान र प्रतिष्ठा धन आर्जनले निर्धारण गरेको छ । परिवार र समाज दुवै भ्रष्टाचार जन्माउन उत्प्रेरणा दिने स्रोत बनेका छन् ।**




**घटना नं. १**

केही दिन अगाडि नातेदारको मृत्युपछि दाहसंस्कारको लागि शव पशुपति आर्यघाटमा लग्यौं । मैले काउन्टरमा गएर एक नम्बर घाट बुक गरें । बुकिङ काउन्टरको झ्यालनेर बसेको एक युवकले मेरो हात समात्दै म यहाँको सहयोगी हो, दाहसंस्कारको लागि आवश्यक सामग्री मिलाएर पाउने पसलमा लैजान्छु भन्दै ताने ।

उनैको पछि पछि लाग्दै पसल पुगियो । साहुजीले आवश्यक सामग्रीको सबै लिष्ट हामीसँग छ, सबै सामान र मूल्य मिलाएर हामी पठाइदिन्छौं, तपाईं जाँदै गर्नुहोस् भनेपछि म फर्किएँ ।

आफन्तसँग कुराकानी गरेपछि घाट सजाउने निचोडमा साहुजीलाई फोन गरें र एकसय माला घाट सजाउनका लागि मगाएँ ।

शव करिब-करिब जलिसक्दै थियो । म बिल तिर्न पसलतिर लागें । तिर्नुपर्ने र कम २२ हजार पुगेको रहेछ । बिल मागें र सामानको संख्या र मूल्य हेर्दै जाँदा १०० वटा माला मगाएकोमा बिलमा १५० लेखिएको रहेछ । मैले साहुजीलाई प्रश्न गरें, जम्मा १०० माला मगाएकोमा बिलमा १५० वटा लेखिएको रहेछ किन ?

केही झस्किएको अनुहारमा साहुजीले बाहिरबाट १५० वटा माला मगाएको थिएँ जसमध्ये १०० वटा तपाईंलाई र ५० वटा फिर्ता ल्याउनु भनेको । त्यो भाइले सबै त्यहीं दिएछ भने ।

मैले प्रतिप्रश्न गरें, 'घाटमा १०० वटा माला मात्र गएको छ, नमगाएको मालाको पैसा मैले किन तिर्ने ?'

यति भनेपछि साहुजीले डराएको अनुहार बनाएर भने, 'मलाई घाटा परे परोस्, भैगो छोड्दिनुहोस् तपाईंलाई तिराउँदिनँ ।'

५० वटा मालाको मूल्य घटाएर पैसा तिरें। अरु कति समान पठाए वा पठाएनन् केही हिसाब राखिएको थिएन तर बिल सबैको तिरियो । त्यसपछि म घाटतिरै फर्किएँ, शव जलाइसकिएको रहेछ । शव जलाउने व्यक्ति उमेरले करिब ५५ वर्षका बुबालाई धन्यवाद दिंदै उहाँले गर्नुभएको श्रमका लागि १५०० रुपैयाँ उहाँको हातमा राखिदिएँ । तर रिसाउँदै यति पैसाले के हुन्छ आजकल, यो पैसा तपाईं नै राख्नुहोस्, मलाई चाहिएन भन्दै मेरो हातमा फालिदिए ।

पछि मैले १५०० थपेर ३००० दिएपछि बेखुसी मनले लिए । त्यसपछि मलाई घाट बुकिङ काउन्टरबाट पसल चिनाउने लैजाने युवापछि लाग्दै समान ओसारपसार गरे बापतको रकम मागे । आफन्तको मृत्युको पीडाले गलेको म केही नबोली एकहजार रुपैयाँ दिएँ । त्यसपछि घाट सफा गर्ने दुई युवाहरू आएर हामीलाई पनि पैसा दिनुपऱ्यो भने । उनीहरूलाई पनि मैले ५०० को दरले दिएँ। शवको दाहसंस्कार गर्दा पनि ठाउँ-ठाउँमा ठगिनुपर्ने रहेछ ।

**घटना नं. २**

भान्जाको स्वास्थ्यमा समस्या आएपछि पोखराको सरकारी अस्पतालमा चेकजाँच गरियो । परीक्षण गरेपछि डाक्टर सापले एम्बोलाइजेशन गर्नुपर्ने सल्लाह दिनुभयो । काठमाडौंका अस्पतालहरूमा विज्ञ डाक्टरसापहरू उपलब्ध हुने र छिटो पनि हुने परामर्श पनि दिढनुभयो । केही डाक्टरसापहरूको नाम लिनुभयो ।

उहाँले उच्चारण गरेका डा.सापहरू खोज्यौं र भेट्न थाल्यौं । एउटै रोग छ तर उपचारको खर्च फरक फरक पायौं । राम्रा कहलिएका निजी अस्पतालमा पनि उही रोगको उपचारमा लाखको फरक । अन्ततः एम्बोलाइजेशनको लागि अस्पतालमा भर्ना गऱ्यौं । उही वार्डकी नर्सले आवश्यक उपकरण र औषधिका लागि एजेन्टको नाम र नम्बर दिनुभयो ।

सुरुमा हामी आफैंले त्रिपुरेश्वरदेखि वीर अस्पताल हुँदै टिचिङ अस्पतालसम्मका प्रायः औषधि पसलहरूमा औषधि खोज्यौं तर पाउन सकिएन । अन्ततः उही एजेन्टलाई सम्पर्क गऱ्यौं । दिएको लोकेसन अनुसार उक्त ठाउँमा पुग्यौं । हामीलाई दिएको सूची अनुसारको उपकरण र औषधि सबै त्यहीं रहेछ । झन्डै एक लाख पचास हजार रुपैयाँ मागियो ।

मैले बिल मागें । तर एजेन्टले केही उपकरण र औषधिहरू डीडीएमा दर्ता नभएकाले अवैधानिक बाटोबाट ल्याएको र बिल दिन नमिल्ने सुनाए । त्यसपश्चात् अनलाइनमा मूल्य हेर्दा भारु ४००० हजार पर्ने उक्त औषधिलाई ३४ हजार रुपैयाँ तिर्न बाध्य भयौं ।

उपचारमा अत्यावश्यक उपकरण र औषधिहरू किन डीडीएमा दर्ता गरिएन भनी सम्बन्धित केही व्यक्तिहरूसँग कुरा गर्दा कमिसनको कारण मुख्य रहेको सुनाए ।

करिब वर्षमा ४ अर्बको औषधि अवैधानिक रूपमा आयात हुने र धेरै प्रतिशत नाफा बच्ने हुँदा ठूलै गिरोहको चलखेलले डीडीएमा दर्ता नगरिएको बुझियो।

**घटना नं. ३**

विज्ञको रूपमा नेपाल सरकारले शिक्षा क्षेत्रमा सञ्चालन गरेका केही कार्यक्रमको मूल्याङ्कनमा खटिएको थिएँ । यही सन्दर्भमा विद्यालय भ्रमणको अनुभव सुनाउँछु ।

नेपाल सरकारले बालविकासदेखि कक्षा ५ सम्म दिवा खाजा कार्यक्रम सञ्चालन गर्दै आएको छ । यसबाट करिब ३२ लाख बालबालिका प्रत्यक्ष लाभान्वित छन् । नेपाल सरकारले १८० दिनलाई आधार मानेर प्रति विद्यार्थी रु.१५ का दरले स्थानीय सरकारलाई पठाउँछ । तर वास्तविक विद्यार्थी संख्याभन्दा धेरै विद्यार्थी देखाएर प्रधानाध्यापक, स्रोत व्यक्ति, विद्यालय निरीक्षकदेखि शिक्षा अधिकारीसम्मको मिलेमतोमा विद्यार्थीको खाजा रकम भ्रष्टाचार भइरहेको भेटियो ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तय गरेको दिवा खाजाको मेनु विपरित पत्रु खाजाहरू वितरण गरिएको छ । विद्यालय १८० दिन नखुलेको भएतापनि कागजपत्र मिलाएर रकम बुझिएको छ ।

अर्कोतर्फ स्यानिटरी प्याड वितरणमा पनि चरम भ्रष्टाचार देखियो । स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ विपरीत मिलेमतोमा सिलबन्दी दरभाउपत्रको माध्यमबाट खुद्रा मूल्यभन्दा दुई गुणा बढी रकममा स्यानिटरी प्याड खरिद गरेको अभियोगमा धेरै स्थानीय तहका कर्मचारीहरू अनुसन्धान र कारबाहीमा परेका छन् । जति उजुरी र कारबाही गरे पनि विद्यार्थीले पाउने खाजा र स्यानिटरी प्याडमा भ्रष्टाचार रोकिएको छैन ।

माथि तीन घटनाको निष्कर्ष राजनीति, सार्वजनिक पद, पेशा र सामाजिक क्रियाकलापमा सक्रिय सबैले गर्ने, तर गरेको छु भन्न नचाहने कर्म भ्रष्टाचार बनेको छ ।

नेपाली समाज उपभोगवादी चिन्तनको सिकार भएको छ । अस्वस्थ प्रतिस्पर्धा र कुसंस्कार मौलाएको छ । जसरी हुन्छ मनग्ये पैसा कमाएर विलासी जीवन जिउने सपना अधिकांश नागरिकको छ ।

यसैले कामको प्रकृति भन्दा पनि सहज र छिटो समयमा पैसा कमाएर छोटो समयमा धनी बन्न प्रतिस्पर्धा चल्यो । परिवार र समाजमा शक्ति, पैसा र पहुँचलाई पुज्ने संस्कार बस्योरु । विलासी जीवनयापनलाई जीवनको सम्पन्नतासँग जोडियो । जीवनको सफलता भनेकै आर्थिक सबलता बनाइयो । कस्तो जीवनलाई सफल मान्ने र कस्तोलाई असफल ? यसको एउटै उत्तर आउँछ, धन-सम्पत्ति प्रशस्त कमाउनु ।

हामी परिवार वा नातेदार कसैले पनि छोटो समयमा मनग्ये धनसम्पत्ति कमायो भने 'पैसा कहाँबाट' भनेर प्रश्न गरिंदैन उल्टै 'ठूलो प्रगति गरेछ' भनेर नमूनाको रूपमा प्रस्तुत गर्छौंरु । उसको काम र आर्जनप्रति कुनै चासो राख्दैनौं । मात्र समय र आर्जनको हिसाब गर्छौं ।

यसको अर्थ जसरी हुन्छ पैसा आर्जन गर्नु हो । परिवार र समाजले शिक्षा भन्दा धनको सम्पन्नतालाई पुरस्कृत गरेको छ । व्यक्ति अपराधी वा तस्कर जे भए पनि उसले दिने चन्दा समाजका लागि महत्वपूर्ण बनेको छ ।

उदाहरणका लागि समाजको कुनै सांस्कृतिक या सार्वजनिक कार्यक्रममा जसले बढी पैसा दिएको छ उसैलाई प्रमुख अतिथि मान्छौं र सम्मान गर्छौं । यसको अर्थ व्यक्तिको कामभन्दा पनि उसको धनलाई समाजले महत्व दिएको बुझिन्छ ।

अर्कोतर्फ हामी आफ्ना छोराछोरीलाई आफैं गरिखान सक्ने बनाउनभन्दा दुःखै नगरी खान पाओस् भनेर जसरी हुन्छ सन्ततिको लागि सम्पत्ति जोड्नतिर लाग्छौं । यसले सन्तानलाई परनिर्भर र भ्रष्टाचारलाई प्रश्रय दिएको छ ।

समाजको आदर्शलाई भ्रष्टाचार र गुन्डाराजबाट धन आर्जन गरेका व्यक्तिको सफलताले छोपिएको छ । हाम्रो परिवार, आफन्त र समाजको मान र प्रतिष्ठा धन आर्जनले निर्धारण गरेको छ । परिवार र समाज दुवै भ्रष्टाचार जन्माउन उत्प्रेरणा दिने स्रोत बनेका छन् ।

देखासिकी र आडम्बरी शैली अवलम्बन गर्ने जस्ता हाम्रा सामाजिक मूल्य, मान्यता र परम्पराका कारण न भ्रष्टाचार मौलाएको हो । न त परिवारले नैतिकता सिकाउँछ न समाजले। यहाँ जसरी हुन्छ जे गरेर हुन्छ धन कमाउन परिवार र समाजले नै प्रेरणा थपेको छ ।

राजनैतिक दलहरूमा कार्यकर्ताको दर्जा पैसाले किनियो । राजनैतिक नियुक्तिका पदहरू पैसाले किनियो, बेचियो । अपराध र तस्करलाई पैसाले चोख्याइयो । विश्वविद्यालयका डिग्री किन्नेदेखि समाजको अपराध चोख्याउने शक्ति पैसा बनाइयो । अतः समाज पूरै पैसामा किनिएको छ, बेचिएको छ ।

नत्र मानव तस्करीको अरोपमा पूर्व मन्त्रीदेखि सचिवसम्म तानिंदा कारबाहीको लागि किन बोल्दैन समाज ? सुन तस्करी र सहकारीको रकम हिनामिनामा ठूला नेताहरू मुछिंदा किन कारबाही गर्न सक्दैन सरकार ? किन बोल्दैनन् राजनैतिक दलहरू ? किन बोल्दैनन् नागरिक अगुवा ?

यसको अर्थ कुनै न कुनै सम्बन्धले भ्रष्टाचारमा हामी जोडिएका छौं, यसकारण चुपचाप छौं । भ्रष्टाचारको विरोध गर्दा आफू पनि फस्ने डरले कोही बोल्ने आँट गर्दैनौं । यसैले भ्रष्टाचारले सामाजिक संरक्षण पाएको छ । समाजको वंशज गुण भ्रष्टाचार बनेको छ ।

धन र सत्ताको मदमा समाज र राजनैतिक दलहरू लहसिएका छन्, बहकिएका छन् । धनप्रतिको लोभले विकृतिका छालहरू उछालिएका छन्, न्याय बेचिएको छ । धनले अपराधीको अपराधले न्याय पाएको छ । भ्रष्टाचार र तस्करी चोखिएको छ । यसैले अपराध र तस्करी बढ्दो छ ।

हाम्रो समाजको चरित्रले सदाचारिताको आदर्शमाथि धावा बोलेको छ । भ्रष्टाचार र तस्करीले समाजलाई किनिसकेको छ । यसर्थ समाजले नै भ्रष्टाचारलाई आत्मसात् गरेको छ ।

अर्कोतर्फ राज्य नागरिकका आवश्यकता र नागरिकलाई भविष्यप्रति सुनिश्चित गराउन सक्ने गरी सामाजिक सुरक्षाको प्रबन्धलाई व्यवस्थित गर्न चुकेको छ । नागरिकको आर्थिक गतिविधिलाई निगरानी र नियन्त्रणमा राख्ने पद्धति संस्थागत छैन । राजनीतिक नेतृत्व र दलहरुमा भ्रष्टाचार नियन्त्रण गर्ने इच्छाशक्ति, प्रतिबद्धता र व्यावहारिक अवलम्बन सहितको इमानदारीको कमी छ ।

भ्रष्टाचारको निगरानी र नियन्त्रणका लागि स्थापना गरिएका संस्थाहरूमा राजनीतिक भागबन्डाले राजनैतिक भ्रष्टाचारलाई वैधानिकता दिएको छ । राजनीतिक रूपमा कुनै समूह वा नेताप्रति बढी बफादार, उक्त दलका कार्यकर्ता र भ्रष्टाचारलाई बचाउने व्यक्ति नै नियुक्तिका लागि मापदण्ड बनेको छ ।

यसले गर्दा निगरानी र कारबाही गर्ने सरकारी निकाय उल्टै भ्रष्टाचारी र तस्करहरूलाई संरक्षण गर्ने वैधानिक संस्था बनेका छन् । भ्रष्टाचार नियन्त्रण गर्न बनाइएको शक्तिशाली निकायले उत्तरदायित्व, नियन्त्रण र सन्तुलनरहित अवस्थाको फाइदा उठाउँदै आग्रह-पूर्वाग्रहबाट परिचालित देखिन्छन् । राजनैतिक दलहरू भ्रष्ट र तस्करहरूलाई संरक्षण दिने वैधानिक संस्था बनेका छन् ।

यसैले शव जलाउनदेखि सास दिने संस्थाहरू हामी ठगिने र भ्रष्ट र तस्करहरूले ठग्ने ठाउँ बनेका छन् ।

(लेखक त्रिभुवन विश्वविद्यालयमा विद्यावारिधि अध्ययनरत छन् । *स्रोतः अनलाईनखबर*)

# “विश्वविद्यालय घोषणा गर्नु एक खुशीको कुरा हो”

हेटौँडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसलाई बागमती प्रदेश सरकारले प्रदेश सार्वजनिक विश्वविद्यालय बनाउने निर्णय गरेर आवश्यक प्रक्रिया अगाडि बढाएको छ । सामुदायिक क्याम्पसलाई विश्वविद्यालय बनाउने प्रदेश सरकारको प्रयासले मकवानपुरवासीमा सुखद् सञ्चार गरेको छ । विश्वविद्यालय बन्दै गरेको मकवानपुर बहुमुखी क्याम्पसका प्राध्यापकहरुको साझा संस्था पब्लिक क्याम्पस प्राध्यापक संघमा हालै नयाँ नेतृत्व चयन भएको छ । यसै सन्दर्भमा नवनिर्वाचित अध्यक्ष घनश्याम घिमिरेसँग समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठले गर्नुभएको कुराकानीको सम्पादित अंश:



**घनश्याम घिमिरे, अध्यक्ष**
**पब्लिक क्याम्पस प्राध्यापक संघ**
**मकवानपुर बहुमुखी क्याम्पस इकाई**

**समाज: प्रदेश सरकारले मकवानपुर बहुमुखी क्याम्पसलाई सार्वजनिक विश्वविद्यालय बनाउने प्रक्रिया अघि बढाइरहेको छ । प्रदेश सरकारको घोषणापछि मकवानपुर क्याम्पससँग सरोकार राख्ने प्राध्यापकलगायल अरू सरोकारवाला निकायहरूमा कस्तो माहौल छ ?**

**घिमिरे:** देश संघीयतामा गएपछि अरु अधिकारहरु विकेन्द्रित ढंगले अघि बढ्नुपर्छ भन्ने मान्यताका साथ प्रदेश सरकारले आफ्नै किसिमले सञ्चालन गर्नसक्ने मान्यता रहेको छ । त्यहि मान्यता अनुसार सातै वटा प्रदेशमा कतिपय प्रदेशहरुले विश्वविद्यालय स्थापना गर्ने, सञ्चालन गर्ने गरिरहेका छन् । त्यहि दौरानमा बागमती प्रदेश सरकारले पनि मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालन गरिरहेको छ र अतिरिक्त विश्वविद्यालय पनि सञ्चालन गर्नुपर्छ भन्ने मान्यता राख्यो । त्यहि मान्यताअनुसार प्रदेशको मात्र होइन, नेपालकै उत्कृष्ट सामुदायिक क्याम्पसमध्यको एक मकवानपुर बहुमुखी क्याम्पस, जुन हेटौँडामा अवस्थित छ, बागमती प्रदेश सरकारले विश्वविद्यालय बनाउने घोषणा गरेको छ । जुन हामी प्राध्यापकका लागि सुखद् पक्ष हो । हामी प्राध्यापकसँगै मकवानपुर बहुमुखी क्याम्पससँग सरोकार राख्ने सबै पक्षलाई सुखद् सन्देश प्रवाह गरेको छ ।

**समाज: प्रदेश सरकारले विश्वविद्यालय बनाउने घोषणा गरिसकेपछि तपाईहरूसँग प्रदेश सरकारको अधिकारी र विश्वविद्यालयको अधिकारीहरूको बीचको छलफलहरू, क्रियाकलापहरू कस्तो छ ?**

**घिमिरे:** जुन ढङ्गले प्रदेश सरकारले विश्वविद्यालय घोषणा गर्ने निर्णय गऱ्यो, निर्णय गरिसकेपछि आफ्नो तहबाट गर्नुपर्ने कार्यहरु गरिरहेको होला । तर, क्याम्पस परिसरमा आएर स्थलगतरुपमा र सम्बन्धित सरोकारवालासँग राय, सुझाव लिने किसिमको काम अहिलेसम्म भएको छैन ।

**समाज: प्राध्यापक संघको हालै अध्यक्ष चयन हुनुभयो । प्राध्यापकहरूको हिसाबले समुदायद्वारा सञ्चालित भइरहेको क्याम्पस अब प्रदेशद्वारा विश्वविद्यालय सञ्चालन हुने भनिसकेपछि के कस्ता अवसरहरू र के खालका चुनौतीहरू प्राध्यापकहरूलाई आउँछन् ?**

**घिमिरे:** मकवानपुर बहुमुखी क्याम्पस भनेको मकवानपुर बासीहरुको साझा शैक्षिक सम्पत्ति हो जस्तो लाग्छ । किनभने यहाँका समाजसेवीहरुले २०३७ सालमा स्थापना गरेर यहाँसम्म सञ्चालन गर्दै आइरहेको संस्था हो । शिक्षक, कर्मचारी र व्यवस्थापन समितिको प्रतिफलको रुपमा रहेको छ, जसलाई अभिभावक र विद्यार्थीहरुले विश्वास गर्दै आइरहनुभएको छ । प्रदेश सरकारले विश्वविद्यालय घोषणा गर्नु एक खुशीको कुरा पनि हो । वृहत् शैक्षिक गुणस्तर बन्नु पर्छ ।

**समाज: सामुदायिक हिसाबले नै एक खालको सामाजिक काम गरौं भन्ने एउटा प्लेटफर्म थियो, जहाँ सञ्चालक समितिको संरचना विश्वविद्यालय हुँदा कस्तो रूपान्तरण हुन्छ ? त्यहाँ सेवा गरिरहेका व्यक्तिहरुमा अवसर वा चुनौती के देख्नुहुन्छ ?**

**घिमिरे:** अहिले देशभित्र जसरी विश्वविद्यालय स्थापना भइरहेको छ, त्यो हिसाबले हामीले यो विश्वविद्यालय फरक सञ्चालन गर्नुपर्ने माथि प्रश्न उठ्न सक्छ । यहाँनिर राजनीतिक व्यक्तिहरु, अभिभावकहरुको संरचनाको निर्माण हुनुपर्छ । सम्पूर्ण सरोकारवालाहरुले विश्वविद्यालयको नीति नियम बनाउने विश्वासको साथ संरचनामा जानुपर्छ जस्तो लाग्छ ।

**समाज: प्राध्यापकहरूको तहबाट विश्वविद्यालय स्थापना भएर व्यवस्थित सञ्चालन हुँदै जानेमा कति विश्वस्त हुन सक्नुहुन्छ ?**

**घिमिरे:** विश्वविद्यालय कुन ढङ्गबाट सञ्चालन हुन्छ भन्नेबारे सरोकारवालाहरुभित्र छलफल भएको छैन । अब कुन किसिमले विधान बनेको छ ? मार्गदर्शन कसरी गर्छ, त्यहाँ रहेका प्राध्यापकहरु र कर्मचारी सरोकारवालाहरु अनुभूत हुने कुराको बारेमा छलफल हुन बाँकी छ । प्रदेश सरकारकै पहलमा विश्वविद्यालयको रुपमा रुपान्तरण हुने कुरामा हामी विश्वस्त छौं र यसबाट प्रदेश र मुलुकले नै लाभ लिने अवसर रहनेमा हामी आशावादी छौं ।




# भुक्तानी नपाएका निर्माण व्यवसायीले मागे करमा लाग्ने जरिवाना मिनाहा

काठमाडौं: निर्माण व्यवसायीले आफूले गरेको कामको राज्यबाट लामो समयदेखि भुक्तानी नपाएको भन्दै सरकारलाई तिर्नुपर्ने विभिन्न प्रकारका करमा लाग्ने जरिवाना छुट दिन माग गरेका छन् । नेपाल निर्माण व्यवसायी महासंघको २५औं साधारणसभापछि मकवानपुर घोषणापत्र जारी गर्दै महासंघले यस्तो माग गरेको हो ।

राज्यबाट अर्बौं रुपैयाँ भुक्तानी नहुँदा सरकारलाई तिर्नुपर्ने भ्याट र आयकरको साँवा रकममा लाग्ने व्याज, जरिवाना तथा थप दस्तुर मिनाहाको माग महासंघले गरेको छ । राज्यले संकलन गर्नुपर्ने राजस्वमा समेत छुट दिनुपर्ने र यस्तो रकम रकम किस्ताबन्दीमा भुक्तानी दिनुपर्ने समेत व्यवसायीको माग छ । व्यवसायीले निर्माण कम्पनीको नाममा रहेका यन्त्र उपकरण, हेभी तथा साना सवारी साधन लामो समयदेखि नवीकरण हुन बाँकी रहेकोले यस्तो रकममा लाग्ने हर्जाना, ब्याज, जरिबाना शुल्क लगायत नवीकरण रकम एक पटकका लागि मिनाहा दिन माग गरिएको छ ।

निर्माणजन्य ठूला यन्त्र उपकरण सवारी साधन नभएको र यस्ता उपकरणमा सवारी कर लिन नहुने निर्माण व्यवसायीको माग छ । यन्त्र उपकरणको हकमा यातायात व्यवस्था विभागबाट सवारी कर लिन नहुने व्यवसायीको तर्क छ । व्यवसायीले निर्माण उद्योगमा प्रयोग हुने हेभी यन्त्र उपकरण तथा टिपर, ट्यांकर, पिकअप लगायत सवारी साधनमा इजाजतपत्र प्राप्त निर्माण व्यवसायीले मात्र आयोजनाको सिफारिसमा भन्सार सुविधा पाउनु पर्ने व्यवसायीको माग छ । विगतमा एक प्रतिशत रहेको भन्सार दर बढाएर सरकारले ५ प्रतिशत पुऱ्याएको भन्दै त्यसलाई झार्नु पर्ने व्यवसायीको माग छ ।

निर्माण व्यवसायीले सार्वजनिक खरीद नियमावलीको १३औं संशोधनपछि म्याद थप भएसँगै राज्यले निर्माण व्यवसायीलाई तिर्नुपर्ने दायित्व ४० अर्ब रुपैयाँ पुगेको बताएका छन् । चालु आयोजनाको निर्माण काममा बजेट अपुग तथा निकासा नभएका कारण रोकिएको २० अर्ब गरी कुल ६० अर्ब भुक्तानी बाँकी रहेको महासंघले बताएको छ । यसले एकातर्फ सप्लाई चेन बिग्रिएको र अर्कोतर्फ दिनहुँ कालोसूचीमा राखिँदा व्यवसायीमा गम्भीर मनोवैज्ञानिक निराशा बढिरहेको गुनासो समेत महासंघले गरेको छ ।

*स्रोत: अनलाइनखबर ।*

## मानवसेवा आश्रम

मानवता प्रवर्धन महाअभियान

दरभाउपत्र number M MSA/SQ/04/2080–81

**क्याटलग बिधिबाट सवारी साधन खरिद गर्ने सम्बन्धी सूचना**

*(प्रथम पटक प्रकाशित मिति: २३/१२/२०८०)*

चालु आ.ब. २०८०/८१ का लागि यस मानवसेवा आश्रमको मुख्य कार्यालय, हेटौँडामा आवश्यक पर्ने उल्लेखित सवारी साधनको आपूर्तिका लागि इच्छुक नेपाल सरकारबाट इजाजत प्राप्त रजिष्टर्ड कम्पनी वा सो को अधिकारिक बिक्रेताले नेपाल सरकारबाट सवारी साधन अनुमति प्राप्त, कम्पनी दर्ता प्रमाणपत्र, अनुभवपत्र, करचुक्ता, स्थायी लेखा प्रमाणपत्र, नवीकरण पत्र, मूल्य, प्राविधिक, गुणस्तर-विवरण सहित क्याटलग र अन्य कागजात संलगन गरी सवारी साधन उपलब्ध गराउन अपुर्तिकर्ताले सर्तहरुको अधिनमा रही सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र)दिन भित्र प्रस्ताव पेस गर्न सूचना प्रकाशित गरिएको छ । यदि १५औं दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन पेस गर्न मिल्ने गरी क्याटलग बिधिबाट सवारी साधन खरिद गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक**:

| क्र. सं. | साधनको विवरण |
|---|---|
| १ | Electric van with capacity for 10 passengers seating including driver. |

**नोट**: आवश्यक सूचना प्राप्त गरी यस आश्रमको मुख्य कार्यालय हेटौँडामा आवेदन दिनु सक्नु हुनेछ ।

**सम्पर्क**: ९८५५०७६०८९,९८५५०७६०२४

# सुदूरपश्चिम र लुम्बिनीका मुख्यमन्त्रीले दिए राजीनामा

**एक महिना अघि केन्द्रमा फेरिएको सत्ता गठबन्धनसँगै नेकपा माओवादी केन्द्रले २३ फागुनमा समर्थन फिर्ता लिएपछि चौधरी अल्पमतमा परेका थिए । यस बीचमा बहुमत जुटाउने प्रयास गर्दै उनले बिहीबार विश्वासको मत लिने प्रयोजनका लागि प्रदेश सभा बैठक आह्वान गरेका थिए ।**

समाज संवाददाता

हेटौँडा: सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाह र लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले राजिनामा दिएका छन् । सुदूरपश्चिमका मुख्यमन्त्री शाहले बिहीबार बेलुका प्रदेश प्रमुख नजिर मियाँको निवासमा पुगेर राजीनामा बुझाएका हुन् । मुख्यमन्त्रीले विश्वासको मत लिनका लागि दिउँसो ३ बजे प्रदेश सभाको बैठक बोलाइएको थियो । तर मुख्यमन्त्रीकै आग्रहमा साँझ ५ बजेसम्मका बैठक सारिएको थियो । विश्वासको मत पाउने सम्भावना नभएपछि बैठक अघि उनले राजीनामा दिएका हुन् ।

मुख्यमन्त्रीको राजीनामापछि प्रदेशसभा बैठक स्थगित भएको छ । केन्द्र सरकारको नेतृत्व गरिरहेको माओवादीले गठबन्धन फेरेसँगै कांग्रेस नेतृत्वको सुदूरपश्चिम सरकार संकटमा परेको थियो । प्रदेश सभाको सबभन्दा ठूलो दल कांग्रेसका १८ सांसद छन् । नाउपा (७), राप्रपा (१) र स्वतन्त्र सांसद (१) लाई मिलाएर सरकार जोगाउने उनको प्रयास थियो ।

यता लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले पदबाट राजीनामा दिएका छन् । चौधरी गत वर्ष वैशाख १४ गते आठ राजनीतिक दल र एक स्वतन्त्र गरी ५३ जना सांसदको समर्थनमा मुख्यमन्त्रीमा नियुक्त भएका थिए । एक महिना अघि केन्द्रमा फेरिएको सत्ता गठबन्धनसँगै नेकपा माओवादी केन्द्रले २३ फागुनमा समर्थन फिर्ता लिएपछि चौधरी अल्पमतमा परेका थिए । यस बीचमा बहुमत जुटाउने प्रयास गर्दै उनले बिहीबार विश्वासको मत लिने प्रयोजनका लागि प्रदेश सभा बैठक आह्वान गरेका थिए ।

बहुमत जुटाउन असफल भएपछि प्रदेश सभा बैठकमा सम्बोधन गर्दै राजीनामा घोषणा गरेका हुन् । राजीनामा घोषणा गर्दै उनले प्रदेशको विकास र समृद्धिका लागि अब बन्ने सरकारलाई गुण र दोषका आधारमा समर्थन र आलोचना गर्ने बताए । चौधरीको राजीनामासँगै नयाँ सरकार गठनको बाटो खुलेको छ । गठबन्धनको भागबण्डामा लुम्बिनी सरकारको नेतृत्व पाएको माओवादीले नयाँ सरकार बनाउन दलहरूसँग छलफलमा जुटेको छ । माओवादी केन्द्र लुम्बिनीका दल नेता जोखबहादुर महराले आज शुक्रबार नै शपथ लिने गरी तयारीमा लागेका छन् । यसअघि २०७९ साल पुस २७ गते नेकपा एमालेका संसदीय दलका नेता लिला गिरी मुख्यमन्त्री हुँदा महरा करिब तीन महिना अर्थमन्त्री बनेका थिए ।

नयाँ गठबन्धनले सरकारको नेतृत्वका लागि अन्य साना दलहरुसँगको छलफल गरी भागबण्डा लगाइसकेको स्रोतको दावी छ । सत्ता साझेदार दलहरु नेकपा एमाले, माओवादी, जनता समाजवादी पार्टी र एकीकृत समाजवादीबीच लिखित समझदारीपत्र तयार भएको र बिहीबार नै हस्ताक्षर गर्ने स्रोतको भनाइ छ । अनलाइनको सहयोगमा ।

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक



# ईन्द्रसरोवरमा स्वास्थ्य केन्द्र भवन उद्घाटन



*स्वास्थ्य केन्द्र भवनका लागि जग्गादान गर्ने जग्गादातालाई सम्मान गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको ईन्द्रसरोवर गाउँपालिका-५ स्थित चन्द्रगढी आधारभूत स्वास्थ्य केन्द्रको नवनिर्मित भवनको उद्घाटन गरिएको छ। निर्धारित समयभन्दा ३ वर्ष ढिलो गरी निर्माण सम्पन्न भएको भवनको जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित बहादुर घलानले बिहिबार उद्घाटन गर्नुभयो । गाउँपालिका र जिल्ला समन्वय समितिको संयुक्त लगानीमा करिब ७५ लाख रुपैयाँमा स्वास्थ्य केन्द्र भवन निर्माण गरिएको हो ।

ईन्द्रसरोवर गाउँपालिकाका अध्यक्ष देवकृष्ण (डिके) पुडासैनीले निर्माण व्यवसायीको ढिलाईका कारण स्वास्थ्य केन्द्रको भवन निर्माण सम्पन्न हुन ढिलो भएको बताउनुभयो । यसअघि ३ वटा कोठाको भवन भाडामा लिएर स्वास्थ्य केन्द्र सञ्चालन हुँदै आएको थियो । नवनिर्मित २ तल्लाको भवनमा ६ वटा कोठा रहेको छ। स्वास्थ्य केन्द्रका प्रमुख जनस्वास्थ्य निरीक्षक मिलन कुमार उप्रेतीले नवनिर्मित भवनमा स्वास्थ्य केन्द्र स्थानान्तरण गरेपछि सेवा प्रवाहमा सहजता हुने बताउनुभएको छ ।

स्वास्थ्य केन्द्रमा उप्रेतीसहित सिनियर अनमी एकजना, अहेब एकजना, अनमी एकजना र एकजना कार्यालय सहयोगी छन् । स्वास्थ्य केन्द्रमा बहिरंग सेवासँगै परिवार नियोजन, मातृशिशु स्वास्थ्य सेवा, क्षयरोग, कुष्ठरोगको औषधी वितरण गरिँदै आएको छ । बर्थिङ सेन्टर सञ्चालनका लागि स्रोत, साधन तयारी भइरहेको उप्रेतीले बताउनुभएको छ ।

भवन उद्घाटनको अवसरमा स्वास्थ्य केन्द्रका लागि जग्गादातालाई सम्मान समेत गरिएको थियो । स्वास्थ्य केन्द्रका लागि बाटुली बल र बुद्धिमाया बलले ९ कठ्ठा र पेमा लामाले १ कठ्ठा जग्गा दान गर्नुभएको थियो। वडा अध्यक्ष दुधराज तितुङको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा गाउँपालिकाका अध्यक्ष पुडासैनी, उपाध्यक्ष उमाकुमारी लामा, गाउँपालिकाका निवर्तमान अध्यक्ष जीवन लामाको पनि आतिथ्य रहेको थियो ।

## वनस्पति अनुसन्धान केन्द्रले वक्तृत्वकला गर्दै

समाज संवाददाता

हेटौंडाः वनस्पति अनुसन्धान केन्द्र हेटौंडाले आगामी चैत २९ गते वक्तृत्वकला प्रतियोगिता गर्ने भएको छ । वनस्पति विभागको ६४ औँ वार्षिक उत्सव तथा २५ औँ वनस्पति दिवसको अवसरमा ३ दिने कार्यक्रमअन्तर्गत् २९ गते बाल समूह सञ्जालस्तरीय वक्तृत्वकला प्रतियोगिता गर्न लागेको हो ।

कार्यक्रमअन्तर्गत् चैतको २८ गते सरसफाई र ३० गते वृक्षरोपण गरिने बताइएको छ । चैत २९ गते दिउँसो १ बजेर ३० मिनेटबाट 'जीवनको लागि वनस्पति' भन्ने विषयमा वृन्दावन वनस्पति उद्यान हेटौंडा-१३ मा वक्तृत्वकला गरिनेछ। वक्तृत्वकलामा वडा नम्बर १२, १३ र १४ को वडास्तरीय बाल समूह सञ्जालबाट ३-३ जना प्रतियोगीहरु सहभागी हुने भएका छन् ।

## शनिबार जिल्लास्तरीय साइक्लिङ दौड प्रतियोगिता

समाज संवाददाता

हेटौंडाः हिमालयन राइडर्स सोसाइटीको आयोजनामा हुने यु-१६ जिल्लास्तरीय साइक्लिङ दौड प्रतियोगिता शनिबार हुने भएको छ। दौड प्रतियोगिता ३ किलोमिटर दुरीको हुने भएको हो ।

नयाँ वर्षको अवसर पारेर आयोजना गर्न लागेको प्रतियोगिताका लागि दर्ता शुल्क प्रतिव्यक्ति २ सय रुपैयाँ तोकिएको छ। प्रतियोगितामा सहभागी प्रतियोगीहरुले हुप्रचौरबाट साइक्लिङ दौड सुरु गरेर ३ किलोमिटर दुरी पूरा गरी हुप्रचौरमै फर्केर दौड समापन गरिनेछ ।

प्रतियोगितामा सहभागी जनाउन मकवानपुर जिल्लाभित्रका प्रतियोगीहरु हुनुपर्ने जनाइएको छ। प्रतियोगितामा ११ वर्षदेखि १६ वर्ष उमेर समूहका खेलाडीहरुले सहभागिता जनाउन पाउने छन् ।

प्रतियोगिता सहभागी जनाउने प्रतियोगीहरुले आज शुक्रबारसम्म नाम दर्ता गराइसक्नुपर्ने हिमालयन राइडर्स सोसाइटीका उपाध्यक्ष राजु थापा मगरले जानकारी दिनुभएको छ । सोसाइटीले पहिलो पटक प्रतियोगिता आयोजना गरेकाले संस्थाकै खर्चबाट प्रतियोगिता गर्न लागेको उहाँले बताउनुभयो ।

प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय हुने एक-एक जना र सान्त्वना २ जना प्रतियोगीहरुले क्रमशः ५ हजार रुपैयाँ, ३ हजार रुपैयाँ, २ हजार रुपैयाँ र १-१ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिताका लागि ३० देखि ४० हजार रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ ।

## १३ जनाद्वारा रक्तदान

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१५ स्थित रातोमाटेमा भएको रक्तदान कार्यक्रममा १३ जनाले रक्तदान गरेका छन् । बिहीबार बिहान जनचेतना बचत तथा ऋण सहकारी संस्थाको आयोजनामा भएको कार्यक्रममा ६ जना महिला र ७ जना पुरुषले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक विष्णुप्रसाद रिमालले जानकारी दिनुभयो । जनचेतना बचत तथा ऋण सहकारी संस्थाले सहकारी दिवसको अवसरमा रक्तदान कार्यक्रम आयोजना गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक रिमालले बताउनुभयो। रक्तदान कार्यक्रमा हेटौंडा-१५ का वडा अध्यक्ष सुनिल मोक्तानको प्रमुख आतिथ्य रहेको थियो । जानुका दवाडीको सभाध्यक्षतामा रक्तदान कार्यक्रम भएको रिमालले जानकारी दिनुभयो ।

## दुग्ध सहकारी संघद्वारा आन्दोलनको चेतावनी

समाज संवाददाता

हेटौंडाः तोकिएको समयसिमा भित्र पनि दुग्ध उद्योगहरुबाट दुधको भुक्तानी नभएको भन्दै मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघले आन्दोलन गर्ने चेतावनी दिएको छ ।

गत फागुनमा केन्द्रिय दुग्ध सहकारी संघ र संघीय सरकारको कृषि मन्त्रालय अन्तर्गत दुग्ध विकास संस्थान तथा निजी डेरीहरु बीच भएको सम्झौता अनुसार यही चैत्र २१ गतेसम्ममा गत पौष मसान्तसम्मको दुधको भुक्तानी गर्ने सहमति भएको थियो। तर सो समयसीमा सकिँदासम्म पनि सम्झौता अनुसार भुक्तानी नभएको भन्दै संघले आन्दोलन गर्ने चेतावनी दिएको हो ।

संघले बिहिबार एक प्रेस विज्ञप्ति जारी गर्दै आफ्ना ४ बुँदे मागहरु चैत्र समान्त भित्र पूरा हुनुपर्ने जनाएको छ । संघले सम्झौता अनुसारको दुधको भुक्तानी चैत्र मसान्त भित्र गरिसक्नु पर्ने साथै बाँकी भुक्तानी निरन्तर दिने व्यवस्था गर्नुपर्ने, किसानबाट उत्पादित दुध निरन्तर बिक्री हुने व्यवस्था मिलाउनुपर्ने, दुध उत्पादक किसानलाई दिँदै आएको अनुदान निरन्तर दिने व्यवस्था गरिनुपर्ने र पशु बीमालाई सहकारी संस्था मार्फत गर्ने व्यवस्था गरिनु पर्ने उल्लेख छ ।

## मेयरकप फुटबल उद्घाटनमा ११ र ३ नम्बर वडा भिड्ने

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगर पालिकाको मेयर कप फुटबल प्रतियोगिताको खेल तालिका सार्वजनिक भएको छ। नगर खेलकुद विकास समितिले बिहिबार खेल तालिका सार्वजनिक गरेको हो । मकवानपुर जिल्ला फुटबल संघका पदाधिकारीको समेत सहभागितामा सार्वजनिक भएको खेलतालिकाअनुसार उद्घाटन खेलमा साविक विजेता हेटौँडा-११ र ३ नम्बर वडाबीच प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगितामार्फत उपमहानगरका खेलाडीहरुबीच प्रतिस्पर्धा गराएर नगरस्तरीय टिम तयार गर्नका लागि प्रतियोगिताको आयोजना गरिएको नगर खेलकुद विकास समितिका अध्यक्ष रवीन्द्र प्रसाद घिमिरेले जानकारी दिनुभएको छ। प्रतियोगिताले वडाका खेलाडीहरुबीच सुमधुर सम्बन्ध कायम हुने, सामाजिक समानता तथा आत्मविश्वास बढ्ने उहाँले दावी गर्नुभएको छ। प्रतियोगिता नकआउट प्रणालीमा सञ्चालन हुनेछ। प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको उहाँले बताउनुभयो ।

चौथो संस्करणको प्रतियोगितामा हेटौँडा उपमहानगरका १९ वटै वडाको सहभागिता रहने छ । हेटौँडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा हुने प्रतियोगिताको फाइनल खेल बैशाख ४ गते हुनेछ । प्रतियोगिताका लागि हेटौँडा उपमहानगर पालिकाबाट १५ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ । प्रतियोगिताको उपाधि विजेताले नगद २ लाख रुपैयाँसहित सिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले १ लाख ५० हजार रुपैयाँसहित सिल्ड, मेडल र र्प्रमाणपत्र प्राप्त गर्नेछ। प्रतियोगितामा सहभागी भई सेमीफाइनलमा पराजित हुने दुई टिमले ५०/५० हजार रुपैयाँ नगद प्राप्त गर्नेछन् । प्रतियोगिताको उत्कृष्ट खेलाडीहरुले ५-५ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछन् ।

## टोल विकासका पदाधिकारीलाई तालिम

समाज संवाददाता

हेटौँडाः टोल विकास संस्था नगर समन्वय समितिको आयोजनामा हेटौँडा उपमहानगरपालिका वडा नम्बर १२ र १३ मा रहेका टोल विकास संस्थाका पदाधिकारीहरुका लागि ३ दिने क्षमता विकास तथा लेखा व्यवस्थापन तालिम सुरु भएको छ ।

टोल विकास संस्था नगर समन्वय समितिका अध्यक्ष ध्रुव प्रसाद अधिकारीको अध्यक्षता तथा १३ नम्बर वडा अध्यक्ष पेम्बा लामाको प्रमुख आतिथ्यमा सम्पन्न उद्घाटन कार्यक्रममा टोल विकास संस्था नगर समन्वय समितिका उपमहासचिव देव कुमार श्रेष्ठ, टोल विकास संस्था वडा समन्वय समिति-१३ का अध्यक्ष बालकुमार श्रेष्ठ, दिपेश मिश्र लगायतले शुभकामना मन्तव्य राख्नु भएको थियो। तालिममा ५५ जनाको सहभागिता रहेको छ ।

## फिफा वरीयतामा नेपाल ३ स्थान तल

काठमाडौंः नेपाली पुरुष राष्ट्रिय टिमको फिफा वरीयता घटेको छ । बिहीबार फिफाले निकालेको नयाँ वरीयतामा नेपाल ३ स्थान तल झरेको हो । १७५औं स्थानमा रहेको नेपाल ३ स्थान तल झर्दै १७८ मा पुगेको छ ।

फिफा विश्वकप २०२६ को छनोट खेलमा लगातार खराब प्रदर्शन गरेका कारण नेपालको वरीयता घटेको हो। दक्षिण एसियामा भारत शीर्ष स्थानमा छ। तथापी भारतको पनि फिफा वरीयतामा भने गिरावट आएको छ । ११७ स्थानबाट ४ स्थान घटुवा हुँदै १२१ औं स्थानमा आएको हो । माल्दिभ्स १६१औं स्थानमा रहँदै दक्षिण एसियामा दोस्रो स्थानमा रहेको छ। नेपाल दक्षिण एसियामा तेस्रो स्थानमा छ । बंगलादेश १८४औं स्थान, भुटान १८५औं, पाकिस्तान १९५औं र श्रीलंका २०४औं स्थानमा छ। *स्रोतः अनलाइनखबर।*

## निजी विद्यालय वर्गीकरण कार्यविधि तयार

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले निजी विद्यालय वर्गीकरण कार्यविधि तयार गरेको छ। मंगलबार बिहान बसेको बैठकको निर्णयअनुसार विद्यालय वर्गीकरण कार्यविधि तयार गरिएको हो ।

विद्यालय वर्गीकरणका लागि ७० वटा मापडण्डसहित कार्यविधि तयार गरिएको छ । आगामी बैशाख १५ गते शनिबारदेखि वर्गीकरण सुरु हुने उपमहानगरपालिकाका शिक्षा विकास महाशाखा प्रमुख सीताराम कोइरालाले जानकारी दिनुभयो । वर्गीकरणका लागि जम्मा २०० पूर्णाङ्कमा विद्यालयको मूल्यांकन हुनेछ। ८० प्रतिशतदेखि माथि अङ्क प्राप्त गर्ने विद्यालय 'क' श्रेणीमा वर्गीकरण गरिने कोइरालाले बताउनुभयो। यस्तै, ६० देखि ७९.९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यालयलाई 'ख' श्रेणी, ४० देखि ५९.९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यालयलाई 'ग' श्रेणी र ४० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यालयलाई 'घ' श्रेणीमा वर्गीकरण गर्ने उहाँलेले बताउनुभयो । विद्यालयको वर्गीकरण भएपछि मात्र शुल्क निर्धारणको निर्णय हुने कोइरालाले जानकारी दिनुभयो ।




सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र
सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

महिनावारीको समयमा ध्यान दिऔं

- नियमित रुपमा नुहाउँने, लगाएको कपडा फेर्ने र साबुन पानीले बेला–बेलामा हात धुने गरौं
- स्यानिटरी प्याड वा सफा र नरम खालको सुती अथवा कटनको कपडाको प्रयोग गरौं
- कम्तीमा ४ देखि ६ घण्टाको फरकमा स्यानिटरी प्याड वा प्रयोग गरेको कपडा फेरौं
- प्रयोग गरेका कपडाहरु धोए पछि घाममा राम्रोसँग सुकाएर मात्र पुनः प्रयोग गरौं,
- सामान्य शारीरिक ब्यायाम गरौं,
- गेडागुडी, माछा, मासु, मौसम अनुसारको फलफूल तथा हरियो सागसब्जी र प्रशस्त मात्रामा झोलिलो खानेकुरा खाऔं,

सरसफाईमा विशेष ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ